कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने सम्बन्धी सूचना

मिति २०८१।०४।०७

नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ को अनुसूची-६ को खण्ड (ज) बमोजिम कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिवको अध्यक्षतामा रहेको पुनरावलोकन समितिले नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित अधिकृतको कार्यसम्पादन मूल्याङ्कन गर्ने हुँदा प्रदेश स्थित विभिन्न निकायमा कार्यरत सो समूहका अधिकृतले देहाय बमोजिम गरी दुई प्रति कार्यसम्पादन मूल्याङ्कन फाराम देहायको समयावधि भित्र यस मन्त्रालयमा उपलब्ध गराउन हुन जानकारी गरिएको छ :-

१. राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतले आफू कार्यरत निकायमा साउन सात गतेभित्र दर्ता गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रमुख सचिव भए निजबाट नै सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कन गराई भाद्र पन्ध्र गते भित्र र प्रमुख सचिव नभएमा सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कनको लागि साउन पन्ध्र गते भित्र,

२. राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतले आफू कार्यरत निकायमा साउन सात गतेभित्र दर्ता गरी सम्भव भएसम्म आफू कार्यरत निकायबाट नै सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कन गराई भाद्र पन्ध्र गते भित्र र आफू कार्यरत निकायमा पुनरावलोकनकर्ता नभएमा सुपरीवेक्षकको मूल्याङ्कन गराई साउन मसान्त भित्र,

३. प्रदेश सभा सचिवालयमा कार्यरत राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतले आफू कार्यरत निकायमा साउन सात गते भित्र दर्ता गरी सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कनको लागि साउन पन्ध्र गते भित्र र राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतले सुपरीवेक्षकको मूल्याङ्कन गराई साउन मसान्त भित्र,

४. राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतले आफू कार्यरत निकायमा साउन सात गते भित्र दर्ता गरी आफू कार्यरत निकायवाट नै सुपरीवेक्षक र पुनरावलोकनकर्ताको मूल्याङ्कन गराई भाद्र पन्ध्र गते भित्र ।

(फणीन्द्र गौतम)
सचिव